# कृष्णपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

गुलरिया, कञ्चनपुर, सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं. :- २०८२/८३
च.नं. :-

ई-मेल: ito.krishnapurmun@mail.com
वेब साईट: krishnapurmun.gov.np

मितिः २०८२/०६/२७

**विषयः प्राकृतिक पुष्पमाला प्रयोग गर्ने सम्बन्धमा।**

प्रस्तुत विषयमा आउदै गरेको हिन्दु धर्मावलम्बीहरूको महान चाड शुभ दिपावली (तिहार) को पावन अवसरमा सम्पूर्ण कृष्णपुर नगरवासीहरूमा यस नगरपालिकाको तर्फबाट हार्दिक शुभकामना व्यक्त गर्दछौं। यस अवसरमा पर्यावरण संरक्षण तथा स्थानीय उत्पादन प्रवर्द्धनका लागि, कृष्णपुर नगरपालिका क्षेत्रभित्र प्लास्टिक तथा रबरजन्य कृत्रिम फूलमाला प्रयोग र बिक्री वितरण नगर्नुहुन सबैमा अनुरोध गरिन्छ। त्यसको सट्टा प्राकृतिक पुष्पमालाको प्रयोगलाई प्रोत्साहन गर्नका लागि यस कृष्णपुर नगरपालिका क्षेत्रभित्र निम्न कृषकबाट पुष्पखेती व्यवसाय संचालनमा रहेको र प्राकृतिक फूलमालाहरूको विक्री वितरण भइरहेको व्यहोरा जानकारीका साथै यस सम्बन्धमा पालिका भित्र पुष्प खेति व्यवसाय गर्ने अन्य कृषकहरूले समेत आफ्नो नाम, ठेगाना र सम्पर्क नम्बर सहितको विवरण कृष्णपुर नगरपालिका कृषि विकास शाखामा उपलब्ध गराउनहुन अनुरोध गरिन्छ। नगरपालिकाको वातावरणमैत्री र स्थानीय उत्पादन प्रवर्द्धन अभियानमा सबैको सहकार्यको अपेक्षा गर्दछौं।

**सम्पर्क व्यक्तिः**

पुष्प व्यवसायी, श्री कविन्द्र बम, कृष्णपुर न.पा.३., सम्पर्क नं. ९८६८७०२२९४, ९८४३१५४९८९

**नोटः** नगरपालिका क्षेत्रभित्र प्लास्टिक वा रबरजन्य फूलमाला बिक्री वितरण वा प्रयोग गरिएको पाइएमा प्रचलित कानूनी व्यवस्था अनुसार कारबाही गरिनेछ।

...........................६।२७

खगेन्द्र प्रशाद भट्ट
प्रमुख प्रशासकीय अधिकृत

खगेन्द्र प्रसाद भट्ट
प्रमुख प्रशासकीय अधिकृत